नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगञ्ज, काठमाडौँ

## प्रेस विज्ञप्ती-२०

### " सहकारीको रकम हिनामिना गरि फरार अध्यक्ष पक्राउ''

**रियल गोर्खा बचत तथा ऋण सहकारी** संस्थाको केन्द्रीय कार्यालय, जिल्ला काठमाडौं का.म.पा.वडा नं.३२ तिनकुने भई जोरपाटी र भक्तपुर जिल्ला भित्रका सहकारीका शाखा कार्यालयहरुका संचालक समितिका सदस्यहरुले निक्षेपकर्ताहरुलाई आर्कषक ब्याजदर दिन्छु भनि प्रलोभन देखाई निक्षेप कर्ताको रकम सहकारी मुद्दती, निक्षेप, आवधिक बचत, शेयर तथा विभिन्न बचत खातामा जम्मा गर्न लगाई मासिक/त्रैमासिक/वार्षिक रुपमा ब्याज पाउने र निर्धारित अवधि नाघेपछि निक्षेपको सम्पूर्ण साँवा, ब्याज फिर्ता पाउने विश्वासका साथ उक्त संस्थामा बचतकर्ताहरुले जम्मा गरेको रकमको साँवा, ब्याज फिर्ता नदिई पटक-पटक ताकेता गर्दा पनि फिर्ता नदिएकोले आफ्नो निक्षेप जोखिममा रहेको ठानी सम्बन्धीत संस्थाका कर्मचारी तथा पदाधिकारीहरुलाई लामो समय देखि ध्यानाकर्षण गराउँदा समेत नियमानुसार पाउनु पर्ने निक्षेप तथा सोको ब्याज रकम उपलब्ध गराईदिने तर्फ आवश्यक पहल नगरी संस्था नै बन्द गरि बचतकर्ताहरुको हालसम्म प्राप्त जाहेरी अनुसार **रु. १२,३५,४८,२०२.९२ /- (अक्षेरुपी रु. बाह्र करोड पैतीस लाख अठचालीस हजार दुई सय दुई रुपैयाँ बयानब्बे पैसा)** बचत रकम अपचलन तथा हिनामिना गरि फरार रहेका **अध्यक्ष हर्क बहादुर कठायत** र सदस्य **विनोद कुमार ओझालाई** मिति २०८०/०९/१८ गते पक्राउ गरी आवश्यक अनुसन्धान कार्य भैरहेको।

### पक्राउ भएका व्यक्तिको विवरण :

**नाम थर:- हर्क बहादुर कठायत**
**वतन :-** जि.डोटी शिखर न.पा.७
**वर्ष:-** ३१



**नाम थर:- विनोद कुमार ओझा**
**वतन :-** जि. काभ्रे, धुलिखेल न.पा.११
**वर्ष:-** ३५



**पुनश्च:**-उल्लेखित सहकारीबाट पिडित निक्षेपकर्ताहरुले यथाशिघ्र यस ब्यूरोमा सम्पर्क गर्न हुन समेत अनुरोध गरिएको छ।

प्रहरी उपरीक्षक
(नबराज अधिकारी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मिति २०८०/०९/२३ गते।